यि हुन् थाहामा ८ कक्षाको परीक्षा दिने ५२ वर्षिय गुरुङ । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-३६ ● २०८० चैत्र ०५ गते सोमबार, ● 18 March, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# छ पुस्तापछि सलमपुरमा खानेपानी

## थाप्लोको नाम्लो टुट्यो !

विकास संवाददाता

थाहानगर

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १२ सलमपुरका बुद्ध राम थिङ ८० वर्ष लागे । बुद्धरामको छ पुस्ताको विहानको समय पाताले खोलाको पानी बोकेरै बित्यो । उनी जस्तै सलमपुर गाउँका १७ परिवारले उस्तै उस्तै दुखान्त व्यहोरे । उनीहरूले २१ वर्ष अघिसम्म गाउँ छेवैको चाँपको फेदमा रहेको कुवाको पानी भगबण्डा गरेरै दैनिकी चलाउँदै आएको बुद्धराम स्मरण गर्छन् । कुवामा जम्मा भएको पानीको भाग नपुगेपछि अन्तराष्ट्रिय गैर सरकारी संस्था प्लान नेपालको सहयोगमा गाउँलले कुवा मर्मत गरे । वर्खामा त कुवाको पानीले धान्यो हिउँदमा उस्तै समस्या, बुद्धराम दुःख सम्झँदै भन्छन्, । प्लानले गाउँलेको समेत श्रमदानमा २० वर्ष अघि घरैपिच्छे आकासे पानी संकलन गर्ने २ हजार लिटर क्षमताको २/२ वटा घैटो बनाइदिएका थिए । घैटोको पानी पनि जहान परिवार बढ्दै जाँदा फारो भएन । फेरि गाउँमा पानीको हाहाकारै भयो अनि, दोहोरियो उही पाताले खोलाको पानी बोक्ने दुःखका बाटो ।

अब सलमपुरबासीको दैनिकी फेरिएको छ । पानीका लागि थाप्लोमा नाम्लो लगाउनु नपर्ने भएको छ । थाहा नगरपालिकासंगको साँझेदारीमा च्वाइस नेपालको आर्थिक तथा प्राविधिक सहयोग र समुदायको सक्रियतामा घरै पिच्छे खानेपानीको धारा बनेका छन् । सलमपुर मा पाताले खोलाको पानी लिफ्टिङ गर `र पुऱ्याइएको छ । २ वटा पम्प प्रयोग गर `र तीन किलोमिटर माथि पानी पुऱ्याइएको हो । गाउँको सिरानमा १८ हजार लिटर को पानी ट्याङ्की रिजभका लागि



बनाइएको च्वाइस नेपालका प्राविधिक सुवास म्हठ्ठाले जानकारी दिए । घरैपिच्छे १७ वटा धारा निर्माण भएको छ । यस योजनाका लागि यसका लागि ३६ लाख ४२ हजार लगानी भएको च्वाइस नेपालका प्रताप घिमिरेले जानकारी दिए । थाहा नगरपालिकाबाट १५ लाख ४५ हजार, च्वाइस नेपालबाट १३ लाख लगानी भएको योजनामा स्थानीयहरूले ७ लाख ९५ हजार रूपैयाँ बराबरको श्रमदान गरेको घिमिरेले बताए । २ चैतमा सलमपुरमा एक कार्यक्रमको आयोजना गरी थाहानगर प्रमुख विष्णु बहादुर विष्टले आयोजनाको उद्घाटन गरेका छन् ।

धाराको टुटी घुमाउँदै ७० वर्षिया ठूली थिङ भन्छिन्–'पानी बोकेरै परिवारको पुस्ता बिते हामीले घरछेवैमा धारो खोलेर यसरी पानी खान पायौं, सहयोग गर्नुहुने सबैलाई धन्यवाद ।' पहिले घरमा खानेपानी समेत नहुने अवस्था सम्झँदै ठूली भन्छिन्–'घरमा पालेका वस्तुभाउ त दिउँसो फोइदिने हो पानी खोजेर खाएर आउँथे ।' अब उनी धेरथोर बाख्रा पाल्ने योजनामा छिन् । घरमै पानी आएपछि कुँडोपानी गर्न सजिलो हुने भएकोले उनले यस्तो योजना सोचेको बताउँछिन् । गाउँका ७६ बर्षिय भुजराम थिङ पनि गाउँमै खानेपानी आएपछि खुशी छन् । उनको चेहरा नै उज्यालो छ । चाँपको फेदको कुवाको पानी सम्झँदै ७६ वर्षिया ठूलमायाँ थिङ भन्छिन्–'अब आनन्द भो, हामीले त दुःख पायौं–पायौं छोरछारीले अब पानीकै लागि दुःख पाउँदैनन् ।' ३ बिसौनी लगाएर बिहान पानी बोक्ने दुःखको अन्त्य भएको बताउँदै ठूलीमायाँ थप्छिन्–'अब बिहानको समयमा मेलापर्म गर्नी हो, खेतीपाती लगाउने हो ।'

सँधै पानीको हाहाकार हुने भएपछि गाउँमा युवा छँदै छैनन् । उनीहरू एकबाली मकै लगाएर श्रम गर्न काठमाण्डौं वा धादिङको महादेवबेशी पुग्छन् । यहाँका युवा उमेरकाहरू महादेवबेशीमा रोडा कुट्ने काम समेत गर्दै आएका छन् । 'पानी आयो, बारी छँदैछन्, अब युवाहरू गाउँ फर्कन्छन् भन्ने आश जागेको छ'–७० वर्षिय टिकाराम थिङले भने–'पानी भएपछि बिउबिजनको ब्याड राख्न र खेती लगाउन सजिलो हुन्छ ‡ धादिङको दामचौरबाट थाक्रे गाउँपालिकाको ५ नम्बर वडाको सडक छिचोल्दै जानुपर्ने सलमपुरमा कच्ची सडक पुगिसकेको छ । थाक्रे गाउँपालिकाले बनाएको सडकमै गाँसेर थाहा नगरपालिकाले सलमपुरमा सडक पुऱ्याएको हो । सलमपुरको उत्पादन बजार सम्म पुऱ्याउन सडक जोडिएको बताउँदै थाहानगर प्रमुख विष्णु बहादुर विष्टले सडकको स्तरीकरण गर्दै जाने बताएका छन् । गाउँमा पानीको अनिकाल अब सँधैका लागि टरेको बताउँदै थिङ भन्छन्–'घैटोमा पानी सकिँदै जाँदा आकाश हेर्नु पर्थ्यो, अब पर्दै पर्दैन ।'

अतित सम्झँदै गणेश प्रावि सलमपुर का प्रधानाध्यापक चन्द्र बहादुर बोगटी भन्छन्–'बाउ आमा पानी लिन पाताले खोला पुग्थे छोराछोरी भोक्कै स्कूल आउँथे, यो लामो अवधीमा कतिले स्कूल छोडे, छोडे, कतिपय विदेश पुगेका छन्'– बोगटीले भने । थाहा नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षाको सर्वेक्षणमा पनि १६ वर्ष माथिका ६ जनाले स्कूल छोडेको पाइएको बोगटीको भनाइ छ । ३ कक्षासम्म सलमपुरमा पढेका बालबालिका ४ कक्षा पढ्न धादिङको आदर्श मावि पुग्नु पर्छ । उनीहरू ९ वर्षका जति हुन्छन् । घण्टौं हिँडेर बालिबालिका ४ देखि माथिका कक्षा पढ्न विद्यालय जाने गरेको बताउँदै प्रधानाध्यापक बोगटी भन्छन्–'सलमपुरमा सामान्यतः विहानको खाना खाइँदैन, ८ बजेतिर खाजा खान्छन्, त्यसपछि बालबालिका स्कूल जान्छन्, काम गर्न सक्ने श्रममा जान्छन्, बुढापाका घरैमा ।' खाजा खाएर स्कूल आएका कतिपय बालबालिकालाई १२ बजेतिर बाबुआमाले भात खान बोलाउँछन्, नत्र स्कूलले पेटभरी दिवा खाजा खुवाउँने गरेको बोगटीले सुनाए ।

थाहानगर प्रमुख विष्णु बहादुर

बाँकी पेज ४ मा

## कार्यसम्पादन मूल्याङ्कनमा थाहा र हेटौंडा पहिलो

◆ विकास संवाददाता

स्थानीय तहले कार्य सम्पादन मूल्याङ्कनको आधारमा प्राप्त गरेको अंक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको छ ।

आयोगले स्थानीय तहसहित प्रदेश सरकारहरूले प्राप्त गरेको अन्तिम नतिजा २९ फागुनमा सार्वजनिक गरेको हो । कार्य सम्पादन मूल्याङ्कनको प्रारम्भिक अंक ८ फागुनमा प्रकाशित गरी ७ दिनको समय दिई पुनरावलोकन गर्न सूचना प्रकाशन गरेको थियो । उक्त अवधिमा प्राप्त निवेदनका आधारमा आयोगले अन्तिम नतिजा प्रकाशन गरेको हो । सार्वजनिक अंक अनुसार मकवानपुरमा हेटौंडा उपमहानगरपालिकाले ६१.११ अंक प्राप्त गर्दै पहिलो स्थानमा छ । ६०.६६ अंकसहित थाहा नगरपालिका दोस्रो स्थानमा रहेको छ । थाहालाई हेटौंडाले जम्मा ०.४५ अंकले उछिनेको छ । मकवानपुरका १० स्थानीय तह मध्ये कार्य सम्पादन मूल्याङ्कनको कुल १०० पूर्णाङ्कमा ६० अंक कटाउने यि दुई पालिका मात्र हुन् ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिकाले ५५.९७ अंक पाएको छ । भीमफेदी गाउँपालिकाले ५५.९१, कैलाश गाउँपालिकाले ५६.५२, मनहरीले ५३.८४, इन्द्रसरोवरले ४९.५२, बकैयाले ४८.८४, राक्सिराङले ४८.२४ र बागमती गाउँपालिकाले ४०.२२ अंक प्राप्त गरेको छ ।

कार्यसम्पादन मूल्याङ्कनको सूचकका आधारमा स्थानीय तहमा वित्तिय समानीकरण अनुदानको बजेट निर्धारण हुने गर्दछ । प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ को दफा ७ को अधिनमा रही प्रदेश र स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्याङ्कन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ ।

डढेलोबाट बचौं र बचाऔं ।

➢ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
➢ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
➢ हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
➢ जन, धन र वनको संरक्षण गरौं ।
➢ सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर



# • सम्पादकीय •

## सहकारीको नियमन आवश्यक

नेपालको सहकारी क्षेत्रमा धेरै समस्या देखिन थालेका छन् । सहकारीका नाममा ठूलाठूला ठगीका घटना बाहिर आउन थालेपछि सहकारी क्षेत्रको शुद्धीकरणका लागि आवाज पनि उठ्न थालेका छन् । यसलाई समाधान गर्न भन्दै सरकारले पटक–पटक समस्या समाधान कार्यदल पनि गठन गर्ने गरेको छ । कुन सहकारीमा के समस्या देखिए भन्ने भन्दा पनि आखिर सहकारीमा समस्या किन बढिरहेका छन् ? यसको यथार्थ अध्ययन गर्नु आवश्यक देखिएको छ । सहकारीको सिद्धान्त के हो र यो किन पालना हुन सकिरहेको छैन ? यसको व्यावहारिक जवाफ खोज्नु आवश्यक छ । तीनै तहका सरकारदेखि सहकारी क्षेत्रका सरोकारवालाहरुले यसमा ध्यान दिनुपर्ने बेला आएको छ । सामान्यतः सहकारीको अर्थ सहकार्य गर्नु हो । कुनै पनि काम साझा गर्नु र एकआपसमा सहयोग आदानप्रदान गर्नु नै सहकारिता हो । समान हैसियत र समान उद्देश्य बोकेका एउटै समाजमा बसेका मानिसहरू मिलेर एकअर्काको हितका लागि काम गर्नु नै सहकारीको उद्देश्य हो । सहकारीको सिद्धान्त अनुसार समुदायले समुदायकै लागि सामूहिकरूपमा काम गर्ने यसको उद्देश्य भए पनि सो अनुसार किन काम हुन सकिरहेको छैन ? यसको अध्ययन र समाधानको उपाय खोजी गर्नु आवश्यक छ । नेपालको सहकारी क्षेत्रमा अहिले देखिएको समस्याको मुख्य कारण भनेको सहकारी संस्थाहरू सहकारी मूल्यमान्यता अनुसार नचल्नु नै हो ।

समान हैसियत र समान उद्देश्य भएका समुदाय मिलेर संस्था सञ्चालन गर्नु सहकारीको सिद्धान्त भए पनि यसमा धनी र टाटाबाठाको वर्चश्व बढ्दै जानु र बाँकी सदस्यहरुले उनीहरुकै नीतिनियम मान्नुपर्ने अवस्था नै नेपालका सहकारीको मूल समस्या हो । नेपालमा पाँच सय बढी सहकारी संस्था समस्याग्रस्त अवस्थामा रहेको स्वयं सहकारी महासंघको भनाइ छ । बचतकर्ताको रकम फिर्ता गर्न नसक्ने अवस्था देखिएपछि सहकारी विभागले केही सहकारीको अनुसन्धानका लागि सिआइबीलाई गुहार्नुपरेको अवस्था पनि छ । सम्पत्ति र दायित्व अधिक हुनु, सहकारी संस्थाका सञ्चालक आफैंले बचत रकम परिचालन गर्नु, आफ्नूनिकट व्यक्तिलाई बिनाधितो कर्जा प्रवाह गर्नु, घरजग्गा र सेयर जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नु, सहकारीका कर्मचारीले नक्कली निक्षेपकर्ता र ऋणी बनाएर ऋण लिनुजस्ता समस्याले सहकारीहरु संकटग्रस्त अवस्थामा पुगिरहेका छन् । यसको समाधान के हो त ? सहकारीलाई सहकारी सिद्धान्तअनुसार सञ्चालन गर्नु यसको पहिलो समाधान हो । सरकारी र स्वयं सहकारी क्षेत्रबाट गठित समितिहरुले दिएका सुझावको मुख्य केन्द्र पनि यही नै हो । अहिलेको समस्या समाधानका लागि सहकारीको सिद्धान्त, मूल्य–मान्यताअनुरूप सञ्चालन गर्नुपर्ने, सहकारी संस्थाहरूको वित्तीय कारोबारको जोखिम न्यूनीकरणका लागि कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षणकोष, स्थिरीकरण कोष स्थापना र सञ्चालन, आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनुका साथै तथ्यांक संकलन र विश्लेषणलाई विश्वसनीय बनाउनुपर्ने ती अध्ययनहरुको सुझाव छ । ती सुझावको पालना गर्न तीनै तहका सरकारहरु गम्भीर हुनुपर्छ ।

नेपालको संविधानले जसरी सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा स्वीकार गरेको छ, यही गतिमा सरकारले सहकारीको व्यवस्थापन र नियमनमा पनि ध्यान दिनुपर्छ ।सहकारी दर्ता गर्ने बेलादेखि नै यो सहकारीको सिद्धान्तअनुरुप अघि बढ्न सक्छ कि सक्दैन भनेर मात्रै दर्ता गर्ने परिपाटीको विकास गर्नुपर्छ । सहकारीका सात सिद्धान्तको आम मान्यता नै स्थापित छ । सहकारी क्षेत्रका समस्या समाधान गर्न प्रभावकारी नियमन आवश्यक छ, यसमा सवैधानिक दायित्वलाई ख्याल गरेर तीनै तहका सरकार कार्ययोजनासहित अघि बढ्न ढिलो भैसकेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# वातावरण जोगाउने, आम्दानी बढाउने



◆खगेन्द्रराज सिटौला

हरियो वन नेपालको धनलाई व्यवहारमा चरितार्थ गर्ने मन पृथ्वीनारायण शाहमा भएकाले नै जडीबुटीमा उनको आँखा पुगेको हो । जडीबुटीलाई निर्यात गरेर विदेशी मुद्राका साथै राष्ट्रिय आय बढाउने महत्वपूर्ण स्रोतको रूपमा लिनुपर्ने निर्देशन दिँदै पृथ्वीविचार अघि सरेको छ । नेपालका सुन्दर वनभित्र प्रकृतिले उपहार दिएका मूल्यवान जडीबुटीलाई धनको ढिकुटीमा बदल्ने पृथ्वीविचारलाई व्यवहारमा लागू गर्न नेपाली नेपालका वनभित्र पस्नैपर्ने हुन्छ । वातवरण जोगाउन वन चाहिन्छ, वनमा धन पनि पाइन्छ । वन जोगाउन र वनलाई धनमा रूपान्तरण गर्न मन पनि चाहिन्छ जडीबुटीको विकास, विस्तार, अध्यायन, अनुसन्धान, संरक्षण गर्दै त्यसलाई निर्यातका लागि नियमित र भरोषायोग्य वस्तु बनाउनका लागि नै पृथ्वीविचार अघि सरेको हो । यो आम्दानीसँग मात्र होइन वातवरणसँग पनि जोडिएको विषय भएकाले यो आफैँमा वातावरण मैत्री पृथ्वीविचार पनि हो । यो वातावरण जोगाउने र आम्दानी जोड्ने विषय भएकाले छलफलको प्रमुख विषय यसैलाई बनाउन कोसिस गरिएको छ । अर्थात् वातावरण जोगाउने र आम्दानी जोड्ने ।

जडीबुटीको विकास गर्नु भनेको वनको पनि विकास गर्न हो । किनभने जडीबुटीको लागि वन नै चाहिन्छ । यो पनि सत्य हो कि जहाँ वन, जडीबुटी वनस्पतिहरू धेरै पाइन्छ । त्यहाँको वायुमण्डल वा वातावरण शुद्ध पाइन्छ । त्यसैले जडीबुटीको साइनो वन संरक्षणसँग छ भने वन र जडीबुटीको साइनो वातवरण संरक्षणसँग छ । यसबाट स्पष्ट हुन्छ कि पृथ्वीविचार वातवरण संरक्षणको विचार पनि हो, वातवरणमैत्री विचार पनि हो । तसर्थ, वातावरणका लागि लड्नेहरूले पृथ्वीनारायण र पृथ्वीविचारलाई सही ढंगले बुझेरअघि बढ्नु पर्छ । नेपालमा वातवरण संरक्षणको विचार नेपाल एकीकरण अभियानसँगै अघि सरेको हो । नेपालमा जडीबुटीले प्राथमिकता पाउनु भनेको वन जंगलले प्राथमिकता पाउनु हो । वा जंगलले प्राथमिकता पाउनु भनेको वातावरणले प्राथमिकता पाउनु हो । वातवरणमैत्री पृथ्वीविचार भनेको वनजङ्गल, जडीबुटी, बोटबिरूवाले मुलुक हराभरा बनाएर वातवरणीय शुद्धता बनाइराख्नु हो ।

जडीबुटी वनजंगलसँग सम्बन्धित भएकाले यो वनजंगल संरक्षणको विषय पनि हो । वनजंगल संरक्षित, हुनु, बढ्नु फैलनु भनेको वनजंगलमा बस्ने जंगली जनावर बढ्नु, उनीहरू संरक्षित हुनु र फैलनु पनि हो । जंगल जनावर फैलनु भनेको आफैँमा वातवरणको शक्ति र शुद्धता र शक्ति फैलनु र बढ्नु हो । वनजंगल, जडीबुटी जनावर चराचुरुङ्गी फैलनु भनेको नेपालमा पर्यटकहरूको आगमन बढ्नु फैलिनु हो । नेपालमा पर्यटकको आगमन बढ्नु भनेको पृथ्वीनारायणले भनेजस्तो नगद खैँचिने आधार बन्नु र बढ्नु हो । यसरी वातावरण बनाएर बढाएर आम्दानी बढाउने आधार पृथ्वीविचारले अघि सारेको छ । नेपालमा वातावरणसँग सम्बन्धित भएर काम गर्ने धेरै संघसंस्थाहरू छन् । तर ती संस्था तथा संस्थासँगका सम्बन्धितहरूको ध्यान पृथ्वीविचारतिर गएको पाइएको छैन । कम्तीमा पनि उनीहरूलाई पृथ्वीविचार वातावरण मैत्री तथा वातवरणको संरक्षणतिर पनि आकर्षित विचार हो भन्ने तत्व बोध भने भएकै हुनुपर्छ । वन मन्त्रालय तथा वातावरण मन्त्रालय सम्हालेर बसेकाहरूमा पनि यो कुराको हेक्का भएकै हुनुपर्छ । पृथ्वीविचारलाई बिर्सेर वनजंगल वातावरणको संरक्षण हुन सक्दैन र जडीबुटी निर्यात गरेर नगद खैँचने पृथ्वीनारायणको उद्देश्य समेत पूरा हुन सक्दैन ।

नेपालका प्रमुख तीन नदी कोशी, गण्डकी, कर्णाली जलाधार क्षेत्रका हिमाली, पहाडी तथा तराई सबै क्षेत्रमा प्रशस्त जडीबुटीका भण्डार छन् । अर्थात् सबै क्षेत्रमा प्रचुर मात्रमा जडीबुटी पाइन्छन् । उर्भर जमिन कञ्चन हिमाली जल, पवित्र जडीबुटीको नेपाल हो । यस्तो महिमाप्रति नेपाल कहिल्यै गम्भीर भएको पाइएको छैन, पृथ्वीनारायणपछि अहिले गणतन्त्रसम्म आइपुग्दा पनि । पुष २७ गते पृथ्वी जयन्ती मनाउनेहरू तथा नमनाउनेहरू कसैले पनि पृथ्वीविचारमा निहीत जडीबुटीको अर्थ र वातावरणीय महत्व सम्झन सकेको पाइएन । यसलाई कसैले गहनरूपमा सम्झेनन् अथवा हलुकारूपमा औपचारिकता मात्र निभाए । यसको कारणले जडीबुटीको विकास पनि हुन सकेन र वातावरणको पनि संरक्षण हुन सकेन । के अब ब्युँझनुपर्ने भएन र ?

विदेशीको दाना खाएर विदेशीको भाकामा गाना गाएर नेपालमा वातावरणको संरक्षण हुन सक्तैन । नेपालमा वातावरणको क्षेत्रमा काम गर्ने सबै वातवरणविद् वा वातावरणवादी सबैले बुझ्न ढिला गर्नुहुँदैन । पृथ्वीविचारले नेपालको वातावरणवादी आन्दोलनलाई नेतृत्व र निर्देशन गर्न सक्ने यथार्थता बुझेमा मात्रै नेपालमा वातवरण संरक्षणको क्षेत्रमा ठीक ढंगले अघि बढ्न सकिन्छ । जडीबुटीको लागि जंगल, जंगलका लागि जडीबुटी वातावरणीय शुद्धताका लागि जंगल र जडीबुटी आर्थिक समृद्धिका लागि जंगल, जडीबुटी र वातावरणीय स्वच्छता एक अर्कामा अन्योन्याश्रित छन् । पृथ्वीनारायणले जडीबुटीमार्फत धेरै भनेका छन् । जडीबुटीसँग प्रकट अप्रकट धेरै कुरा जोडेका छन् । जडीबुटीसँग अर्थ जोडेका छन्, स्वास्थ्य र वातावरण जोडेका छन् । पृथ्वीविचार वातावरण संरक्षणको विचार पनि हो भन्ने अन्य तथ्य र दृष्टान्तले प्रमाणित गर्छ ।

पृथ्वीनारायणले बग्ने पानीलाई उच्च महत्व दिएका छन् । उनले जमेको पानीभन्दा बगेको पानी खाने कुरामा जोड दिएका छन् । स्वास्थ्य स्फूर्तिका लागि पनि उनले बग्ने पानीलाई नै प्राथमिकता दिएका छन् । शुद्ध पानीका मूल, मुहान, झरना, खोलानाला नदीहरू र यिनका स्रोत हिमालय शृङ्खला आदि सबै स्वच्छ र शुद्ध बनाइरहने पृथ्वीविचारले भन्छ । पानी पनि वातावरण र आम्दानीसँग अलग्याउनै नसकिने प्रकृतिको वरदान हो । जडीबुटी वनजंगल बोटबिरूवा आदि इत्यादि हराभरा सबैतिर पानी जोडिएको हुन्छ । यसरी बग्ने शुद्ध पानीमार्फत पनि पृथ्वीविचार वातवरणसँग जोडिएको छ । वातावरणसँग जोडिएका हिमाल, पानी, जडीबुटी, वनजंगल आदि सबै

> जडीबुटीसँग अर्थ जोडेका छन्, स्वास्थ्य र वातावरण जोडेका छन्। पृथ्वीविचार वातावरण संरक्षणको विचार पनि हो भन्ने अन्य तथ्य र दृष्टान्तले प्रमाणित गर्छ।

आम्दानीसँग जोडिएका छन् । अथवा जोड्न सकिन्छ । त्यसैले पृथ्वीविचार वातावरण जोगाउने र त्यसलाई आम्दानीसँग जोड्नेमा स्पस्ट छ ।

खेतीयोग्य जमीन बस्तीले नढाक भनेर पृथ्वीनारायणले निर्देशन विचार अघि सारेका छन् । अर्थात् जताततै अन्नबाली फलफूल वा नगदेबाली आदि इत्यादिको हरभरा होस् । जताततै कृषि उत्पादनसँग जोडिएर आउने बोट बाली रूखबिरूवा आदि इत्यादिको हरभरा भइरहने हो भने यो आफैँमा वातावरणमैत्री हो, आम्दानी मैत्री हो । आँखाले हेरेर भ्याइनसक्ने सयौँ हेक्टरका ठूलाठूला कृषि फर्म हुन्, लहलह हरियाली होस्, पहेलपुर होस्, के यो आफैँमा वातावरण जोगाउने र आम्दानी बढाउनेमा दर्ज हुँदैन र ? कतै फलफूलको जंगल होस्, कतै खाने अन्नको खेती होस् त कतै तरकारीको खेती होस्, कतै चिया कफीको जंगल होस् त कतैकतै जडीबुटीको प्राकृतिक खेती र कतै मानव सिर्जित खेती । यी सबै एकैपल्ट वातावरण जोगाएर आम्दानी बढाउने प्रमाणित हुनेछन् । खेतीपाती व्यवसायलाई यसरी अगाडि बढाउने हो भने प्रत्यक्ष आम्दानी दिन्छ । जसले खेती गर्छ अप्रत्यक्ष योगदान वातावरणको क्षेत्रलाई दिन्छ । यसरी प्रत्यक्ष अप्रत्यक्ष पृथ्वीविचार वातावरण जोगाउँदै आम्दानी बढाउनेमा जोडिएको छ ।

नेपालमा वातवरणको लागि काम गर्ने भनेर धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले काम गर्दै छन् । वास्तवमा तिनीहरू प्राकृतिक वातावरण सपार्ने आवरणमा नेपालको सामाजिक वातावरण बिगार्ने काममा तल्लीन छन् । नेपाललाई त्यस्ता वातावरणवादी चाहिएको होइन । हामीलाई वातावरण मैत्री पृथ्वीविचार भए पुग्छ । प्रकृतिको वातावरण पनि मानव अझ प्राणीमैत्री भएर बाँचोस् र सकारात्मक अर्थतन्त्रमैत्री वातावरण बनाएर त्यसबाट मुलुकले अर्थोपार्जन गर्न पनि सकोस् । हरियो नेपाल आफैँमा आर्थिक हिसाबले बलियो नेपाल हो । वातावरण जोगाएर आम्दानी बढाउने पृथ्वीविचारले यही भन्छ । हरियो नेपाल बलियो नेपाल वातवरणमैत्री सबल अर्थतन्त्र पृथ्वीविचारको मूल मन्त्र ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# लसुनमा के कस्तो औषधीय गुण हुन्छ ?

लसुनको स्वादबारे त धेरै बखान गर्नुपर्दैन । काँचो खाँदा यो पर्रर पिरो स्वादको हुन्छ । जब यसलाई दाल, तरकारीमा मिसाइन्छ स्वाद बदलिन्छ ।

मूलतः नेपाली भान्सामा लसुनको प्रयोग स्वादकै लागि गरिन्छ । यद्यपि यो औषधीय गुणले पनि भरिपूर्ण मानिन्छ । त्यसैले त प्राचीनकालदेखि औषधिकै रूपमा लसुनको प्रयोग हुँदै आएको पाइन्छ । लसुनलाई संस्कृतमा 'रसोन' भनिन्छ । किनभने धर्तीमा हुने ६ रस (पिरो, तीतो, नुनिलो, टर्रो, अमिलो, गुलियो) मध्ये लसुनमा पाँच रस हुन्छ । लसुनमा 'अमिलो' रस मात्र हुँदैन ।

'रस उन' अर्थात् एक रस कम भएकाले यसलाई 'रसोन' भनिएको हो । आयुर्वेदमा लसुनलाई दुखाइ कम गर्ने द्रव्यको वर्गमा राखिएको छ ।

### लसुनको इतिहास

चीन र इजिप्टमा हजारौं वर्षअघिदेखि लसुनको उपयोग हुँदै आएको इतिहास छ । ईसापूर्व १३२५ मा मिश्रका सम्राट तुतांकखेमानको चिहानमा लसुन राखिएको थियो, लासलाई सुरक्षित राख्ने हेतुले । त्यसताका मिश्रका बासिन्दाहरू कसैको मृत्युपछि चिहानमा यसैगरी लसुन राख्थे । यस्तो मान्यता थियो कि मान्छे मृत्युपछि जब अर्को लोकमा पुग्छन् उनलाई रोगव्याधिले नसताओस् ।

यसैगरी लामो यात्रामा निस्किने सिपाहीहरूले पनि लसुन बोक्ने गर्थे, ताकि कुनै समस्या भएमा औषधिको रूपमा प्रयोग गर्न सकियोस् ।

मानिसहरूको बसाइँसराइसँगै लसुनको प्रयोगले व्यापकता पाउँदै गयो । ईसापूर्व छैटौं शताब्दीमा लसुनले चीन र भारतमा प्रवेश पाइसकेको इतिहासमा उल्लेख छ । त्यसबेला यसलाई उपचारका लागि मात्र प्रयोग गरिन्थ्यो । त्यसपछि क्रमशः लसुनको प्रयोग उपचारमा मात्र नभएर दैनिक जीवनमा हुन थाल्यो ।

पौराणिक कथामा पनि लसुनको महत्व उल्लेख गरिएको छ । कथाअनुसार भगवान इन्द्रसँग अमृत खोसेर पृथ्वीमा ल्याउँदा खसेका अमृतको थोपाबाट लसुनको उत्पति भयो ।

यी कथाहरूबाट के अनुमान गर्न सकिन्छ भने सदियौंदेखि लसुनलाई औषधीय वनस्पतिको रूपमा प्रयोग गरिन्थ्यो ।

### के हुन्छ लसुनमा ?

मेडिकल रिसर्चअनुसार काँचो लसुनमा मुख्यतः एलिसिन भन्ने यौगिक पाइन्छ । यो त्यही तत्व हो, जसमा एन्टिब्याक्टेरियल (जीवाणुनाशक) र एन्टिफंगल (ढुसीनाशक) गुण हुन्छ । साथै लसुनमा फस्फोरस, जिंक, पोटासियम र म्याग्नेसियम जस्ता लवण पदार्थ पनि भरपुर हुन्छ । सल्फर पदार्थ हुने भएकाले लसुनको गन्ध तिख्खर हुन्छ ।

### के गर्छ लसुनले ?

त्यसो त दाल-तरकारीमा लसुनको प्रयोग गरिरहेकै हुन्छ, जसबाट प्रत्यक्ष-परोक्ष लाभ मिलेको हुनसक्छ । त्यसबाहेक बिहान खाली पेटमा दुई-चार केस्रा लसुन खाँदा फाइदा गर्छ । लसुनमा भएको



'एलिसिन' तत्वले विभिन्न किसिमको संक्रमणबाट बचाउन सहयोग गर्छ । टाइफाइड, ज्वरो, एलर्जीको संक्रमण हुन दिंदैन ।

शरीरमा हुने दुखाइ कम गर्न पनि लसुन प्रयोग गरिन्छ । सुन्निएको वा दुखेको ठाउँमा लसुन राखेर तताएको तेलले मालिस गर्न सकिन्छ । काँचो लसुनमा एन्टिअक्सिडेन्ट सल्फहाइड्रिल तत्व पाइन्छ, जसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ ।

लसुनको नियमित प्रयोगले रक्तनलीमा जम्मा भएको खराब कोलेस्टेरोल बाहिर निकाल्छ । यसले मुटुमा हुनसक्ने जोखिम कम गर्छ । लसुन उचित मात्रामा सेवन गर्दा रक्तनलीमाथि हुने दबाब कम हुन्छ । रक्तचाप नियमित गराउन पनि लसुन उपयोगी मानिन्छ । कतिपय छालाको समस्यामा लसुनको प्रयोग गर्न सकिन्छ ।

### कसले खानु हुँदैन ?

लसुनको एलर्जी, रगतको कमी र बिरामीले रगत पातलो बनाउने औषधि सेवन गरिरहेका छन् भने पनि लसुनको सेवन नगर्दा उपयुक्त हुन्छ । किनकि यस्तो अवस्थामा लसुन सेवन गरेमा अन्य समस्या बढ्न सक्छ । अल्सर भएमा पनि यसको सेवन उचित हुन्छ ।

औषधिको रूपमा लसुन प्रयोग गरिरहँदा कुनै पनि औषधि खाइरहेका वा उपचार गराइरहेकाले चिकित्सकको परामर्श लिनुपर्छ ।

# बढी सोच्दा समस्या हुन सक्छ है !

हामी कुनै परिस्थिति वा विगतलाई लिएर आवश्यकताभन्दा बढी सोच्छौं । कतिपटक आफूले गर्न नसक्ने वा अधुरो छोडेका कुराहरूबारे सोचिन्छ । ती कुरालाई लिएर बढी सोच्छौं, जसको कुनै जवाफ हुँदैन वा कुनै समाधान छैन ।

यद्यपि, हाम्रो नियन्त्रण बाहिर भएको कुरामा ध्यान केन्द्रित गर्न धेरै सजिलो छ । तर चाहिने भन्दा बढी सोच्नु वा लगातार एकै कुरालाई कल्पिएर दुःखी भएर बसिरहनु पक्कै पनि राम्रो बानी हुन सक्दैन । यही सोच्ने क्रम बढिरह्यो भने नकारात्मक विचार हाबी हुन जान्छ । जसले व्यक्तिगत र व्यावसायिक जीवनमा समस्या निम्त्याउन सक्छ, जुन अधिकांशलाई हेक्का हुँदैन ।

### के हो ओभर थिङ्क ?

सानो कुरामा अत्याधिक र लामो समयसम्म सोच्नु नै ओभर थिङकिङ हो । जबकि निर्णय गर्दा वा परिस्थितिको मूल्यांकन गर्दा गहिरो सोच्नु मानवीय स्वभाव हो ।

तर जब यो अवस्था तपाईंको दिमागमा रहन्छ आफैंलाई अलग गर्न सक्नुहुन्न । तसर्थ, यो अवस्थालाई अति सोच्नु भन्न सकिन्छ । यो हामी सबैको जीवनमा कुनै न कुनै बिन्दुमा हुन्छ । जीवनमा कैयौं घटनाहरू अनुभव गर्छौं, जसले चिन्ता वा तनाव गराउन सक्छ । तर केही मानिसहरू आफ्नो चिन्ताबाट मुक्त हुन सक्दैनन् । उनीहरू भविष्यको बारेमा चिन्तित हुन्छन् । सम्भावित घटनाहरूको बारेमा डरलाग्दो भविष्यवाणी गर्दै डराउँछन् ।

यस्ता व्यक्ति आफ्नो बारेमा सुनेको कुनै नकारात्मक कुरा दिमागमा लिइरहन्छन् र सधैं चिन्तित हुन्छन् ।

### अति सोच्नु स्वास्थ्यका लागि हानिकारक हुनसक्छ ?

धेरै सोच्नु रोग होइन, नकारात्मक बानी हो । यसको प्रभावले मानसिक स्वास्थ्य जोखिम निम्त्याउन सक्छ । त्यति मात्र होइन, भावनात्मक र शारीरिक स्वास्थ्यलाई पनि असर गर्न सक्छ । दैनिकजसो धेरै सोच्ने बानीले चिन्ता, प्यानिक अट्याक र डिप्रेसन जस्ता मानसिक समस्याबाट ग्रस्त बनाउँछ । अर्कोतर्फ, अत्याधिक सोचाइको कारण, निद्राको कमी, उच्च रक्तचाप र तनाव जस्ता समस्या देखा पर्छन् ।

### इम्युनिटी प्रभावित हुन्छ

तनावग्रस्त वा चिन्तित हुँदा कोही बिरामी नै हुन्छन् । किनकि तनावमा कोर्टिसोल नामक तनाव हार्मोन निस्कन्छ । तनावले शरीरमा कोर्टिसोल हार्मोनको रिलिज गर्छ । कोर्टिसोल हार्मोन बढेमा शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुनसक्छ ।

प्रतिरक्षा प्रणाली कमजोर हुनेबित्तिकै ज्वरो तथा टाउको दुखाइ हुने र संक्रमणले घेर्न सक्छ ।

### हार्मोन असन्तुलन

हरेक समय जब दिमाग नकारात्मक विचारमा केन्द्रित हुन्छ, तब शरीरमा हार्मोनको सन्तुलन बिगार्न सक्छ । जसबाट रगतमा कोर्टिसोल बढ्छ । यो हार्मोनले शरीरमा उत्पादन हुने (खुसीको हार्मोन) ह्याप्पी हार्मोन पनि प्रभावित हुन्छ । जसले गर्दा मुड खराब भइरहन्छ । निराश, दुःखी र उदासी भावनाले खुसी हुने हार्मोन कम उत्पादन हुन्छ । जो भविष्यमा डिप्रेसनको कारण बन्न सक्छ ।

### मुटु स्वास्थ्यलाई प्रभावित पार्छ

धेरै सोचाइ र चिन्ताले मुटुको स्वास्थ्यलाई जोखिममा पार्न सक्छ । अति सोच्ने बानी बढ्दै गएपछि रगतमा एड्रेनालाइन हार्मोनको मात्रा बढ्न थाल्छ । एड्रेनालाइनले मुटुको दर र रक्तचाप बढाउँछ । एड्रेनालिनका कारण रगतमा ब्लड सुगरको समस्या बढ्ने जोखिम पनि हुनसक्छ ।

### पाचन प्रणाली खराब

अत्याधिक सोचाइका कारण तनाव उत्पन्न भई पाचन प्रणाली पनि प्रभावित हुन्छ । तनावपूर्ण विचारले स्नायु प्रणालीलाई उत्तेजित पार्छ ।






# यि हुन् थाहामा ८ कक्षाको परीक्षा दिने ५२ वर्षिय गुरुङ



◆ विकास संवाददाता

थाहा नगरपालिकाको पालुङ बहुमुखी क्याम्पस परीक्षा केन्द्रबाट ५२ वर्षिय सन्त बहादुर गुरूङले कक्षा ८ को परीक्षा दिएका छन् । उनले पहिलो दिन १ चैतमा अंग्रेजी विषयको परीक्षा दिएका हुन् । थाहा नगरपालिका वडा नम्बर ५ निवासी गुरूङ झम्केश्वरी मावि थाहा-१ का सिम्बोल नम्बर ८००१८०३४ भएका विद्यार्थी हुन् ।

५ नम्बर वडाको फुर्के बसन्तका गुरूङ विद्यालय छोडेको ३८ वर्षपछि पुनः विद्यालय भर्ना भएका हुन् । ५ कक्षासम्म गाउँकै बसन्त प्राविमा अध्ययन गरेका गुरूङले कक्षा ६, ७ र ८ थाहा नगरकै जनकल्याण माविमा अध्ययन गरेका थिए । ८ कक्षामा उनुतीर्ण भएपछि ३७ वर्ष अघि विद्यालय छोडेको गुरूङले सुनाए । उनी विद्यालय छोड्दा जम्मा १४ वर्षका मात्र थिए । उनले भने-'त्यो उमेर मा जनकल्यणसम्म जाँदा र आउँदा २/२ घण्टा हिँड्नू पर्थ्यो ़। सामाजिक काममा असाध्यै लगाव दिने गुरूङलाई ८ कक्षा पास गर्ने ठूलो धोको छ । उनले भने- 'पहिलो दिनको परीक्षा राम्रै भएको छ, सायद अरू सबै विषयमा पनि पास हुन्छ होला ।' उनले हाँस्दै भने-'गणित र विज्ञान चै अलि गाह्रो लाग्छ ।'

उनी सामाजिक काम र अभियानहरूको जानकारी राख्छन् । आफूलाई 'अपडेट' राख्ने उनको बानी छ । थाहा नगरमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको अभियान पनि उनले चाल पाइसकेका छन् । अब वि.सं. २०८५ साल बैशाखबाट ८ कक्षा पास नगर्ने व्यक्तिहरू सार्वजनिक पदमा बस्न अयोग्य हुने कुराको पनि उनलाई ज्ञान छ । यहि प्रसंगमा सन्त बहादुरले भने-'अहिले यत्रो सामाजिक काम गर्दै हिँडेको म, पछि शिक्षाकै कारण सामाजिक काम गर्न पाइँन भने समाज र मेरै लागि राम्रो हुँदैन, त्यसैले पनि म पढ्छु ।' उनले थपे-'यसपालि नभए अर्को साल पास गर्छु, तर जस्सरी नि ८ कक्षा पास गर्छु ।'

सन्त बहादुर गुरूङ गाउँकै बसन्त प्राविं व्यवस्थापन समितिको २ कार्यकाल अध्यक्ष भैसकेका छन् । उनले यहि विद्यालयमा कखरा सिकेका हुन् । उनले गाउँको सडक निर्माण समिति, झोलुङ्गे पुल निर्माण समितिलगायत थुप्रै समितिहरूमा बसेर सामाजिक काम गरिसकेका छन् । सामाजिक काम उनका लागि नशा जस्तै भैसकेको छ । अहिले पनि उनी फुर्के बसन्त टोल विकास संस्थाका उपाध्यक्ष छन् । सिरान घर डाँडागाउँ खड्का टोल खानेपानी उपभोक्ता समितिको उनी अध्यक्ष हुन् । त्यसोतः उनी नेपाली काँग्रेस थाहा ५ का वडा सभापति पनि समेत हुन् ।

गुरूङ परीक्षामा मात्र सहभागी भएका होइनन् । उनी विद्यालयमा पनि अध्ययनका लागि उपस्थित हुने गरेको झम्केश्वरी माविका प्रधानाध्यापक गाणेशमान श्रेष्ठले बताए । प्रधानाध्यापक श्रेष्ठले भने-'सन्त बहादुर गुरूङको अध्ययनप्रतिको लगावले पढ्नलाई उमेरले छेक्देन भन्ने उदाहरण पेश भएको छ ।' उनलाई अध्ययनका लागि विद्यालयले पनि प्रोत्साहन गर्दै आएको श्रेष्ठको भनाइ थियो ।

गुरूङको दुई छोरा र श्रीमती छिन् । उनको जेठो छोरो स्नतकोत्तर तहमा अध्ययनरत छन् । कान्छो छोरोले स्नातक तह अन्तर्गत बीएस्सी एजी पास गरेका छन् । उनी पनि स्नातकोत्तर अध्ययनको तयारीमा छन् । श्रीमती मञ्जु कुमारी गुरूङले ५ कक्षा पास गरेकी छिन् । उनको परिवार प्रमुखतः कृषि पेशामा निर्भर छन् ।

# राजश्व कार्यालय हेटौंडाबाट चार अर्ब छ करोड ३८ लाख ६६ हजार राजस्व संकलन

◆ विकास संवाददाता

आन्तरिक राजस्व कार्यालय, हेटौँडाले चालु आर्थिक वर्ष २०८०/०८१ सकिन चार महिना बाँकी हुँदा कार्यालय पाएको लक्ष्यको झण्डै ७६ प्रतिशत राजस्व संकलन गरेको छ । कार्यालयको चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको कुल राजस्व संकलन लक्ष्य पाँच अर्ब ३५ करोड ९६ लाख तीन हजार रूपियाँ र हेकोमा गत साउनदेखि फागुन मसान्तसम्ममा ७५.८२ अर्थात् चार अर्ब छ करोड ३८ लाख ६६ हजार रूपियाँ राजस्व संकलन गरेको हो ।

कार्यालयको फागुन महिनाको मात्र ६३ करोड ९८ लाख २० हजार राजस्व संकलनको लक्ष्य रहेकोमा सो एक महिनामा लक्ष्यको ९०.०१ प्रतिशत अर्थात् ५९ करोड ५१ लाख २८ हजार रूपियाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ । कार्यालयले चालु आर्थिक वर्षको पहिलो छ महिला अर्थात् गत पुस मसान्तसम्ममा दुई अर्ब ९१ करोड ११ लाख ७६ हजार रूपियाँ राजस्व संकलन गरेको थियो ।

राजस्व कार्यालयले आय कर, घर बहाल कर, ब्याज कर, मूल्य अभिवृद्धि कर, अन्तः शुल्क र स्वास्थ्य सेवा कर शीर्षकमा राजस्व संकलन गर्दै आएको छ । कार्यालयले गत फागुन महिनामा आय कर, ब्याज कर र मूल्य अभिवृद्धि करमा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको थियो ।

कार्यालयले चालु आर्थिक वर्षको गत साउनदेखि फागुन मसान्तसम्मको अवधिमा आय कर बापत ६४ करोड २२ लाख ६२ हजार, घर बहाल करबापत एक करोड आठ लाख १७ हजार, ब्याज कर छ करोड १२ लाख १८ हजार, मूल्य अभिवृद्धि कर ७१ करोड ४५ लाख ५५ हजार, अन्तः शुल्क दुई अर्ब २३ करोड ५० लाख ४८ हजार, स्वास्थ्य सेवा कर ३९ करोड ९९ लाख ५६ हजार र अन्य कर १३ हजार रूपियाँ राजस्व संकलन गरेको जनाएको छ ।

## छ पुस्तापछि ....

बिष्टले नागरिकहरू खानेपानी आयोजना सम्पन्न गर्न सहयोग गर्ने च्वाइस नेपाल र समुदायप्रति आभार व्यक्त गरे । खानेपानी नागरिकको मौलिक अधिकार भएकोले नगरभित्रका खानेपानी आयोजनाहरूलाई नगर खानेपानी व्यवस्थापन बोड मार्फत एकीकृत रूपमा सेवा पुऱ्याउने विष्टको भनाइ थियो । प्रत्येक वडाबासीका माझ 'एकघर, एक धारा' पुऱ्याउने उनले प्रतिवद्धता व्यक्त गरे । नगरको खानेपानी महशुल दर तोकइसकेको बताउँदै उनले नागरिकलाई दिने सेवामा एकरूपता गर्ने बताए । थाहानगरको धेरै स्थानमा लिफ्टङ प्रणालीका खानेपानी आयोजनाले प्राथमिकता पाए पनि विद्युत महसुलका कारण उपभोक्ता मारमा परेको प्रमुख विष्टको भनाइ थियो । खानेपानी लगायत हरेक विकास कार्यमा च्वाइस नेपालसंगको सहकार्यमा अघि बढ्ने विष्टको भनाइ थियो ।

थाहा नगरपालिकाका निवर्तमान नगर प्रमुख लवशेर बिष्टले हेर्दा सानो देखिए पनि यो निकै रणनीतिक महत्व बोकेको आयोजना भएको बताए । आयोजना बन्नु पहिले यहाँका महिलाको प्रत्येक बिहान पानी बोक्नमै बित्थ्यो, अब त्यो परिस्थितिको अन्त्य भएको उल्लेख गरे । 'हामीले शुद्द पानी मात्र पाएका छैनौं, पानी बोक्नकै लागि श्रम गर्नुपर्ने, बिहानभरिको समय खर्च गर्नुपर्ने बाध्यताको पनि अन्त्य गरेका छौं ।' विष्टले भने ।

आयोजना हस्तान्तरण गर्दै च्वाइस नेपालका प्रमुख कार्यकारी निर्देशक प्रतीक शर्माले आफ्नो संस्था र कर्मचारीहरूको सेवा सुबिधाबाट बचाएको पैसाले सलमपुर खानेपानी आयोजना निर्माण गरिएको हुँदा यो योजना अरूको तुलनामा भिन्न रहेको बताए । दुर्गम भेगका जनताको मुहारमा खुशी देख्दा आत्मसन्तुष्टि मिलेको शर्माको भनाइ थियो । उनले भने-'सलमपुरका बासिन्दाहरू, विशेष गरी महिला दिदीबहिनीहरूको पुस्तौंपुस्ता देखिको दुःख अब अन्त्य भएको छ ।' शर्मा थप्छन्- 'यो खुशी हो, जसरी एउटा आमाले बच्चालाई जन्म दिन्छिन् त्यसपछिको अवस्था उही खुशी न हो, त्यसपछि मायाँ गर्छिन् ।' यहि प्रसंगमा आयोजना सम्पन्न भएकोमा समुदायलाई धन्यवाद दिदै खुशीसंगै योजनालाई मायाँ गर्न आग्रह गरे । फोहोर पानीलाई तेल जसरी फारो गर्नुपर्ने अवस्थाबाट मुक्ति मिलेको उनको भनाइ थियो । शर्माले सलमपुर बासीको आयआर्जन बढाउने कार्यक्रमका लागि चासो दिएका छन् ।

थाहा नगरपालिका वडा नम्बर ६ का अध्यक्ष राजेन्द्र भक्त श्रेष्ठले पालिकाकै दुर्गम क्षेत्रमा खानेपानी आयोजनामा सहयोग गरेर च्वाइस नेपालले ठूलो सहयोग पुऱ्याएको बताए । आफ्नो बाल्यकाल टिष्टुङ क्षेत्रमै बितेको बताउँदै श्रेष्ठले यहाँको सुख दुःखको आवस्था आफूलाई महशुस हुने उनको भनाइ थियो । थाहानगर शिक्षा समितिको संयोजक समेत रहेका श्रेष्ठले सलमपुरको खानेपानी आयोजनाले महिला र बालबालिकामा प्रत्यक्ष राहत मिलेको बताए ।

थाहा नगरपालिका वडा नम्बर १२ का अध्यक्ष टिकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न खानेपानी उद्घाटन समारोहमा नगर उपप्रमुख भरत गोपाली, वडा नम्बर ११ का अध्यक्ष दिनेश बल, खानेपानी निर्माण उपभोक्ता समितिका अध्यक्ष टिकाराम थिङ, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, सूचना शाखा प्रमुख सुरज कुमार भुजेल, जिल्ला सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकाल, वडा सदस्य युवराज जिम्बा, नरेश घलान, तामाङ घेदुङ थाहाका सचीव मंगल तामाङ, विइङ युथका वसन्त कार्की, राजकुमार गोले, बौद्ध मैत्री समाजका हरिश गोले, थाक्रे ५ का पुर्व जनप्रतिनिधि रजनी लामा, थाहा नगरपालिकाका प्राविधिक कविन्द्र वड, च्वाइस नेपाल पालुङ कार्यालयका कुल प्रसाद तिवारी, प्रताप घिमिरे,लगायतका उपस्तिथि रहेको थियो ।

कार्यक्रममा वडा नम्बर १२ ले च्वाइस नेपाल र थाहा नगरपालिकालाई प्रशंसा पत्र वितरण गरिएको थियो । वडाध्यक्ष टिकाराम स्याङ्तानले च्वाइस नेपालका प्रमुख कार्यकारी निर्देशक प्रतीक शर्मा र नगर प्रमुख विष्ट बहादुर विष्टलाई प्रशंसा पत्र दिएका हुन् । सलमपुर खानेपानी आयोजना २ चैतबाटै थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको छ ।

कार्यक्रममै आयोजना बोर्डमा हस्तान्तरण गरेकोमा उपभोक्ता समितिका अध्यक्ष टिकाराम थिङलाई नगर प्रमुख तथा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष बिष्णु बहादुर विष्टले आवद्धताको प्रमाण पत्र हस्तान्तरण गरेका थिए । सो अवसर मा च्वाइस नेपालले गाणेश प्राविका विद्यार्थीहरूलाई स्टेशनरी सामाग्री वितरण गरेको थियो ।

# संगठनलाई मजबुद बनाउन मन्त्री मोक्तानको आग्रह

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र मकवानपुर का इन्चार्ज तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले एकीकृत अखिल नेपाल शिक्षक संगठनलाई अन्य संगठन भन्दा फरक ढंगले अघि बढाउनुपर्ने बताएकी छिन् । एकीकृत अखिल नेपाल शिक्षक संगठनमा आवद्ध शिक्षकहरूलाई प्रदेश सरकार हर तरहले सहयोग गर्न तत्पर रहेको बताइन् ।

नेकपा माओवादी केन्द्र निकट एकिकृत अखिल नेपाल शिक्षक संगठन थाहा नगरपालिकाको प्रथम परिषद भेलाको ३ चैतमा उद्घाटन गर्दै मन्त्री मोक्तानले यस्तो बताएकी हुन् । माओवादी केन्द्रका थाहानगर इन्चार्ज समेत रहेका नगर प्रमुख विष्णु बहादुर बिष्टले देशमा आमुल परिवर्तन ल्याउन शिक्षकहरूको महत्वपूर्ण भुमिका रहने बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# नेकपा एमाले थाहानगरको अध्यक्षमा प्रधान निर्वाचित



◆ विकास संवाददाता

नेकपा एमाले थाहानगर कमिटिको अध्यक्षमा सुरेन्द्रमान प्रधान निर्वाचित भएका छन् । एमाले थाहानगरको तेस्रो अधिवेशनबाट प्रधान निर्विरोध निर्वाचित भएका हुन् । २८ फागुनमा पालुङ जेसिज सभाहलमा भएको अधिवेशनमा अध्यक्ष पदका लागि कल्पना बलामी, बिमल कुमार ढकाल र बलराम थापाले उमेद्वरी दर्ता गराएका थिए ।

वि.सं. २०५३ सालबाट अनेरास्ववियु जनकल्याण मावि प्रारम्भिक कमिटीबाट राजनीति शुरू गरेका प्रधान सोही कमिटिको सचिव भएका थिए । वि.सं. २०५९ सालमा जिल्ला कमिटी उपाध्यक्ष, राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय प्रचार विभाग सदस्य समेत भएका थिए ।

एमाले संवद्ध प्रेस चौतारी मकवानपुरका संस्थापक सदस्य रहेका प्रधान प्रस्तावित थाहा नगर कमिटीको सचिव थिए । उनले २ कार्यकाल सचिव भएर थाहानगर कमिटिमा काम गरेका छन् । एमाले मकवानपुर जिल्ला कमिटि सदस्य पदमा उनी दुई कार्यकाल निर्वाचित भैसकेका छन् । प्रधान पछिल्लो समय थाहानगर सह(ईञ्चार्जको जिम्मेवारीमा रहेका थिए ।

नगर कमिटिको उपाध्यक्षमा हेम कुमार थिङ, सचिव सुजन रायमाझी, उप सचिव (महिला)मा तुलसा विष्ट, उपसचिव खुल्लामा सुर्य बहादुर दोङ निर्वाचित भएका छन् । अधिवेशनले ६७ सदस्यीय नगर कमिटि चयन गरेको छ ।

यसअघिका नगर अध्यक्ष अच्युतम प्रसाद ढकालको कार्यकाल सकिएपछि भएको अधिवेशनले प्रधान नेतृत्वको नगर कमिटि निर्वाचित भएको हो । अध्यक्षमा निर्वाचित पश्चात् प्रतिक्रिया दिदै भने-'जनताको पार्टीको रूपमा एमाललेलाई स्थापित गर्नेछु ।' सामाजिक काममा समेत सक्रिय प्रधान निर्वाचित पश्चात् एमाले थाहानगरमा उत्साह समेत रहेको कार्यकर्ताहरूले बताएका छन् ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

# थाहाको शिखरकोटमा स्वावलम्बन लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम

◆ विकास संवाददाता

स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । थाहानगर क्षेत्रका ग्राहक सदस्य, अभिभावक साथै स्थानीयको सहभागीतामा शिखरकोटको शंकर होटलमा कार्यक्रम आयोजना गरिएको हो । स्वाबलम्बनले थाहानगरमा लामो समयदेखि कार्यालय राखी सेवा प्रवाह गर्दै आएको छ ।

कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख बिष्णु बहादुर बिष्टले हाल बहुबैकिङ कारोवारका कारण, एकले कर्जा लिई अरूलाई चलाउन दिने तथा घर सल्लाह नगरी कर्जा लिने र ब्यवसाय भन्दा पनि फजुल खर्चको लागि कर्जा लिने प्रवृतिको अन्त्य गर्न आग्रह गरे । नगर प्रमुख विष्टले वित्तीय अनुशासन कायम गर्न वित्तिइ साक्षरता कार्यक्रमले सहयोग पुऱ्याउन उल्लेख गरे ।

कार्यक्रममा क्षेत्रीय प्रवन्धक कृष्ण खनालले आर्थिक-सामाजिक र शैक्षिक रूपमापछि परेका वर्गलाई गतिशील दिशामा अघि वढाउन र उनीहरूलाई वित्तीय पहुँच पुऱ्याइ जीवन स्तर उकास्न, आम्दानी गरि खर्चमा मितव्ययिता अपनाई वचत गर्ने बानी बसाल्न अनुरोध गरे । उनले आफ्नो पारिवारिक आम्दानी खर्चको लेखा जोखा गरी योजना बनाई अगाडी बढ्न र वित्तीय अनुशासन कायम गर्न आवश्यक रहेकोले वित्तीय साक्षरता आयोजना गरिएको बताए ।




कार्यक्रममा स्वाबलम्बन लघुवित्त पालुङ शाखामा १५ सय २० जना सदस्य रहेको जानकारी गराइएको थियो । ७६ वटा केन्द्रमा ३ सय ६ समूह संख्या र हेको र पालुङ शाखा अन्तर्गत ८ सय ४४ जनामा १४ करोड १३ लाख लगानी गरेको र ६ करोड २१ लाख बचत रहेको कार्यक्रममा जानकारी दिइएको थियो । वित्तीय साक्षरता कार्यक्रम संस्थाका शाखा प्रमुख विकास बिष्टको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा भने वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, ईलाका प्रहरी कार्यालय पालुङका वरिष्ठ प्रहरी नायव निरीक्षक बुद्धि बहादुर तामाङ, संस्थाका अधिकृतहरू हिम प्रसाद अधिकारी, शोभाखर पाण्डेलगायत महिला समुहका सदस्यहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमकै अवसरमा उत्कृष्ट कारोवार गर्दै तेस्रो हुन सफल पालुङ शाखा अन्तर्गतको हिमाल स्वावलम्बन महिला केन्द्र थाहा २ देउरालीलाई प्रमाणपत्र सहित नगद प्रदान गरिएको थियो भने कर्जा बीमा अन्तर्गत बिमा माया तामाङ थाहा ३ लाई २ लाख ७० हजार बीमा बापतको रकम हस्तान्तरण गरिएको थियो ।

# 'तालिममा सिकेका कुरा व्यहारमा उतार्नू'-नगर प्रमुख विष्ट



◆ विकास संवाददाता

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले तालिममा सिकेको कुराहरूलाई आ-आफ्नो विद्यालयका विद्यार्थीहरूमाझ लागू गरी बालबालिकालाई राम्रो शिक्षा र संस्कार दिन आग्रह गरेका छन् ।

नगर प्रमुख विष्टले सामुदायिक विद्यालयमा बिश्वासको वातावरण बनाउन आग्रह गर्दै जग बलियो भएमात्र घर बलियो हुने प्रशंङ्गको उदाहरण दिदै मन्टेश्वरी माध्यमबाट हुने शिक्षण सिकाइले बालबालिकामा सकारात्मक प्रभाव पर्ने बताए । थाहा नगरपालिका शिक्षा शाखाले आयोजना गरेको पाँचदिने मन्टेश्वरी तालिमको समापन गर्दै प्रमुख विष्टले यस्तो बताएका हुन् । उनले बालबिकास शिक्षकहरूको क्षमता अभिबृद्दीमा थाहा नगरपालिकाले क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरूको आयोजना बताए ।

थाहा नगरपालिकाको सामुदायिक विद्यालयमा कार्यरत वालबिकास कक्षाका शिक्षक तथा प्रशिक्षकहरूको लागि थाहानगरको थानाबजारको गंगा होटलमा आयोजित तालिम समापन कार्यक्रममा सहभागीहरूले तालिम उपलब्धिमुलक भएको बताउदै सिकेका कुराहरू लाई आआफ्नो विद्यालयमा लागुगर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । बालबिकास सहजकर्ताहरूका लागि बेलाबेलामा नगर पालिकाले यस्ता कार्यक्रमहरूको आयोजना गरिरहनुपर्नेमा जोड दिदै यस्ता खालको कार्यक्रममा नगरका सबै बालबिकास सहजकर्ताहरूलाई समावेश गर्नुपर्ने बताएका थिए ।

थाहा नगरपालिका शिक्षा शाखाका प्रमुख माधव बिक्रम मल्लको सभाध्यक्षतामा तालिम समापन गरिएको थियो । थाहा नगरपालिका अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा कार्यक्रम अन्तर्गत आयोजित तालिममा नगर भित्रका सामुदायिक विद्यालयका ४० जना बाल बिकास शिक्षकहरूको सहभागीता रहेको थियो ।

तालिमका सहभागीहरूलाई बाल विकास विषेशज्ञहरू सुशीला भण्डारी, मुना राई र रेणुका श्रेष्ठले सहजीकरण गरेका थिए । समापन कार्यक्रममा सहभागी बालबिकास सहजकर्ताहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो भने कार्यक्रमलाई शिक्षा शाखाका अधिकृत सुर्य बहादुर थिङले संचालन गरेका थिए ।



सुमयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# दिर्घरोगीलाई अक्सिजन कन्सन्ट्रेटर सहयोग

◆ विकास संवाददाता

थाहा नगरपालिकाको वडा नम्बर ३ का ७५ वर्षका दिर्घरोगी महिलालाई एक लाख बराबरको अक्सिजन कन्सन्ट्रेटर सहयोग गरिएको छ । समुदायमा आधारित प्रशामक सेवा अन्तर्गत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोग तथा हस्पिस नेपाल र थाहा वडा नम्बर ३ को सहकार्यमा कन्सट्रेटर सहयोग गरिएको हो ।

थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी र थाहानगर प्रमुखको प्रेस संयोजक शम्भु अधिकारीले प्रशामक सेवासंगको सहकार्यमा बिरामीको घरमै पुगि उक्त सामाग्री हस्तान्तरण गरेका हुन् । पाटन



स्वास्थ्य बिज्ञान प्रतिष्ठानको सहकार्यमा थाहा नगरपालिका क्षेत्रमा पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको प्रशामक सेवा अन्तर्गत क्यान्सर, दम, दिर्घ मुटु रोगी, मिर्गौला फेल, मस्तिष्क पक्षघात, स्ट्रोक तथा अन्य विभिन्न दिर्घ रोगी तथा नसर्ने रोगहरूको घरमै पुगेर उपचार तथा स्वास्थ्य परामर्श सेवा दिदै आइरहेको छ ।

प्रशामक सेवाले दिर्घ रोगी तथा र अन्य घातक रोग लागेर अस्पतालसम्म जान नसक्नेहरूको लागि यो सेवा प्रदान गर्दै आइरहेको प्रशामक सेवाका संयोजक तथा समुदायिक स्वास्थ्य अधिकृत चिनियाँ लामाले बताए । उनले समुदाय भित्र र हेका दिर्घ रोगी तथा नसर्ने रोगहरूको घरमै पुगी उपचार र स्वास्थ्य परामर्श दिदै आइरहेको जानकारी दिए ।

प  ाटन अस्पतालका वरिष्ठ चिकित्सक तथा प्रशामक सेवा विशेषज्ञ डाक्टर राजकुमार गजमेर, सामुदायिक स्वास्थ्य अधिकृत किवेता बिष्ट, समुदायमा प्रशामक सेवाका संयोजक तथा सामुदायिक स्वास्थ्य अधिकृत लामाले प्रशामक सेवा उपचारमा सहजीकरण गरिरहेका छन् ।

# शिखरकोटमा बृहत रक्तदान कार्यक्रम हुने

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ शिखरकोटमा सेवा केन्द्र रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १० औ स्थापना दिवसको अवसरमा बृहत रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ । सहकारीले १० चैतमा रक्तदान कार्यक्रम आयोजना गरिएको गर्न लागिएको सेवा केन्द्र व्यवस्थापक गणेश विष्टले जानकारी दिए । रक्तदान कार्यक्रममा स्थानीय संघसंस्थाहरूको सहयोगमा कार्यक्रम कार्यक्रम हुन लागेको हो ।

पालुङ जेसिज सह आयोजक रहेको कार्यक्रमको सहायेगी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी उपशाखा दामन, लायन्स क्लव अफ थाहा पिस, लियो क्लव अफ थाहानगर, फरक सोच, नेपाल फाईफ इन्स्योरेन्स कम्पनि उपसाखा पालुङ, शिखर क्लव र शिखरकोट बजार व्यवस्थापन समिति रहेका छन् ।

ललितपुरमा मुख्य कार्यालय रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्थाले बिगतका वर्षहरूमा पनि समुदायमा आधारित बिबिध स्वास्थ्य सम्बन्धि कार्यक्रमहरू गर्दै आएको छ । छोटो समयमा नागरिकको विश्वास जित्न सफल यस सहकारीको थाहा नगरसहित २ वटा सेवा केन्द्र सञ्चालनमा रहेको छ । मकवानपुरको थाहा नगरपालिकाको शिखरकोटबाट यस क्षेत्रका सदस्यहरूलाई उत्कृष्ट सेवा दिदै आएको छ ।

## फागु पर्व सभ्य रुपमा मनाऔं !

– आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
– लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
– सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
– हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
– मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
– गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

➤ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➤ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➤ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➤ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➤ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➤ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।
खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
थाहा नगरपालिका

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी